# कानेपोखरी गाउँपालिका
# Kanepokhari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
बयरवन, मोरङ/ Bayarban, Morang

प्रदेश नं. १, नेपाल
Province No. 1, Nepal


(शिक्षा तथा सामाजिक विकास शाखा)

प.स. २०७९/८०
च.नं. ४२०

मितिः २०७९/०५/१६

श्री सरोकारवालाहरु सबै ।

विषयः सुझाव माग गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा कानेपोखरी गाउँ कार्यपालिकाले शिक्षा तथा सामाजिक विकास शाखाले पेश गरेको प्रस्तावित ढाँचाका आधारमा २०७८/११/२० गते स्थानीय पाठ्यक्रम निर्माण गर्ने नीतिगत निर्णय गरेको थियो । यसै क्रममा कानेपोखरी गाउँ शिक्षा समितिको मिति २०७८/११/२२ गतेको निर्णय अनुसार शिक्षा तथा सामाजिक विकास शाखा प्रमुखको संयोजकत्वमा ८ सदस्यीय कार्यदल गठन भएको थियो । सो कार्यदलले मिति २०७९/०२/२६ गते सरोकारवालाहरुको वृहत कार्यशाला मार्फत सुझाव संकलन गरी ८ ओटा क्षेत्रमा कानेपोखरीको सेरोफेरो नामक पाठ्यक्रमको मस्यौदा तयार गरेको छ । सो मस्यौदा कानेपोखरी गाउँपालिकाको वेवसाइट www.kanepokharimun.gov.np मा राखिएको छ । सम्बन्धित सरोकारवालाहरुले वेवसाइटमा रहेको मस्यौदा पाठ्यक्रम अध्ययन गरी तलको ढाँचामा २०७९ भाद्र मसान्तभित्रमा आवश्यक सुझाव दिनुहुन अनुरोध छ ।

१. स्थानीय पाठ्यक्रममा समावेश भएको क्षेत्र/विषयवस्तु (कुन क्षेत्र/विषयवस्तु वा अन्य)........पेज नं........

२. स्थानीय पाठ्यक्रममा समावेश हुनपर्ने क्षेत्र/विषयवस्तु वा अन्य (कारणसहित सुझाव).......................

५।१६
वेद बहादुर काफ्ले
शिक्षा अधिकृत छैठौं

अवगतार्थः

श्री अध्यक्षज्यू, कानेपोखरी गाउँपालिका, मोरङ ।

श्री उपाध्यक्षज्यू, कानेपोखरी गाउँपालिका, मोरङ ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू, कानेपोखरी गाउँपालिका, मोरङ ।

बोधार्थः

श्री वडाकार्यालयहरु सबै कानेपोखरी गाउँपालिका, मोरङ ।

नोटः सरोकारवालाहरुले सुझाव प्रदान गर्नु हुँदा कानेपोखरी गाउँपालिकाको शिक्षा तथा सामाजिक विकास शाखामा आफै उपस्थित भई लिखित रुपमा सुझाव दिन सकिने तथा शाखाको इमेल ठेगाना **kanepokhariedubranch@gmail.com** मा इमेल मार्फत सुझाव दिन सकिनेछ ।



CamScanner